# छबिसपाथिभेरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ संख्याः ५ मिति:- २०७९।१०।१०

भाग: २

१. हाटबजार संचालन तथा ब्यवस्थापन निर्देशिका, २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मिति:-२०७९।०९।१९

प्रमाणीकरण मिति:- २०७९।०९।२६

राजपत्रमा प्रकाशन मिति:- २०७९।१०।१०

आज्ञाले

नाम:- गगन बहादुर ऐडी

पद:-नि. प्रमुख प्रशासकीय अधिकृत

गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठभूमि :** मुलुकमा खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली तथा पशुपंक्षी लगायत विभिन्न कृषि उपजहरुको माग तथा उत्पादनमा उल्लेखनीय वृद्धि हुदै आएको छ। कृषकहरुलाई स्थानीय उत्पादन वृद्धिमा अझ बढी हौसला प्रदान गर्नका लागि उत्पादित कृषि उपजहरुको सरल तरीकाले विक्रि वितरणको व्यवस्था मिलाउन बजार प्रणालीको विकास गर्न अत्यन्त जरुरी रहेको हुन्छ। कृषकहरुबाट उत्पादित कृषि उपजहरुबाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वित गर्न सुरक्षित, सफा र स्वच्छ हाटबजार निर्माण, व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ञ. (२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले कार्यपालिकाको मिति २०७९/०९/१९ गतेको निर्णयानुसार स्वीकृत गरी यो हाट बजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ जारी गरिएको छ।

## परिच्छेद १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम "हाट बजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. निर्देशिका लागु हुने ठाँउ :** सरकारी तथा गैर सरकारी, नीजि तथा सहकारी क्षेत्रको सकृय सहभागीतामा छबिसपाथिभेरा गाउँपालिकाको सबै वडाका विभिन्न स्थानहरुमा भएका र स्थापना हुने हाट बजार स्थल।

**३. परिभाषा :**

(क) "गाउँपालिका" भन्नाले छबिसपाथिभेरा गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ग) "निर्देशिका" भन्नाले हाट बजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "शाखा" भन्नाले गाउँपालिकाको कृषि तथा पशुविकास शाखा सम्झनु पर्छ।

(च) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित "हाट बजार संचालक समिति" सम्झनु पदर्छ।

(छ) "हाट बजार" भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन तथा माछा जस्ता ताजा वा नाशवान वस्तु वा समितिले तोकेको अन्य नाशवान प्रकृतिका कृषि वस्तु र घरायसी स्तरमा स्थानिय स्रोत साधनबाट उत्पादन हुने वस्तुको खरीद विक्रि सम्वन्धी कृयाकलाप गर्न यस निर्देशिका बमोजिम संचालक गरिने स्थान सम्झनु पदर्छ।

(ज) "कोष" भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान सम्झनु पर्दछ।

(झ) "कृषिवस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित तेलहन, दलहन, मसला वाली, फलफूल, तरकारी तथा माछा मासु जस्ता ताजा वा नाशवान वस्तु तथा "पशु वस्तु" भन्नाले जिवीत पशुपंछी तथा पशुजन्य उत्पादन पदार्थलाई सम्झनु पर्दछ

(ञ) "थोक कारोवार" भन्नाले पाँच किलो वा सो भन्दा बढी कृषि वस्तुको खरीद विक्रीको परिमाणलाई संम्झनु पर्दछ।

(ट) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ।

(ठ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ।

(ड) "सेवा शुल्क" भन्नाले हाट बजारमा उपलब्ध गराईएको सेवा र सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए वापतका भाडा वा अन्य शुल्क सम्झनु पर्दछ।

(ढ) "बजार व्यवस्थापक" भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ।

(ण) "सम्झौता" भन्नाले स्थानीय सरकारको तर्फका प्रतिनिधि तथा सम्वन्धित बजार समितिका उल्लेखित अध्यक्ष तथा जग्गादाता वा अन्य लगानी कर्ता बीच गरिएको सम्झौता पत्र सम्झनु पर्दछ।

## परिच्छेद २

समितिको गठन, काम कर्तव्य र अधिकार ४. हाट बजार संचालक समितिको गठन :

(१) हाट बजार संचालक समितिमा ९ सदस्य हुनेछ जुन सर्वसम्मत वा लोकतान्त्रिक निर्वाचन प्रणालीबाट निम्न बमोजिम छनौट हुनेछ :

(क) हाट बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषक तथा व्यापारी मध्येबाट अध्यक्ष १ जना

(ख) हाट बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषकहरुमध्येबाट सदस्य ३ जना

(ग) हाट बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषि उपज व्यापारीहरु मध्ये सदस्य २ जना

(घ) सम्वन्धित वडाको वडा समितिवाट सदस्य १ जना

(ङ) सम्वन्धित स्थानीय तहको कृषि/पशुसेवा शाखा प्रमुख सदस्य १ जना

(च) सम्वन्धित हाट बजार व्यवस्थापक सदस्य सचिव १ जना जम्मा सदस्य संख्या ९ जना तर कुनै संगठीत संस्था ,समूह तथा सहकारी संस्थाद्वारा हाट वजार संचालन गर्न चाहेमा संचालक समितिमा परिच्छेद २ को दफा ४ को (१) क, ख, ग मा उक्त संस्थाको तर्फवाट इच्छुक तथा क्षमतावान र कृयाशील ६ जना प्रतिनिधी छनौट गर्न सकिने र निजी संस्था वा व्यक्ति मार्फत संचालन हुने हाट बजारको हकमा बजार संचालन गर्ने सम्पूर्ण जिम्मेवारी निज स्वंयको हुनेछ।

(२) उपदफा (१) को समितिको अध्यक्ष, कृषक प्रतिनिधी र व्यवसाय प्रतिनिधीको चयन सर्वसम्मति वा लोकतान्त्रिक प्रणालीवाट गरिनेछ। (३) उपदफा (१) बमोजिमको अध्यक्ष पदको निर्वाचनमा व्यवस्थापक (सदस्य सचिव), तथा कृषि/पशुसेवा प्राविधिक प्रतिनिधि बाहेकका सदस्यहरुलाई मात्र मताधिकार हुनेछ।

(४) सदस्यहरुको पदावधि २ वर्षको हुनेछ र निजहरु पुन: निर्वाचित हुन सक्ने छन् ।

(५) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संघ संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ।

(६) एक पटक समिति वनि सके पछि समितिका सदस्य संख्यामा थप घट गर्नु पर्ने अवस्थामा व्यवस्थापक समितिको सिफारीसका आधारमा स्थानीय तहले थपघट गर्नेछ।

**. सदस्यहरुको योग्यता : हाट बजार संचालक समितिको सदस्य हुनको लागि देहाय वमोजिम योग्यता पुगेका ब्यक्ति हुनु पर्दछ।**

(क) नेपाली नागरिक

(ख) २० वर्ष उमेर पुगेको

(ग) वजार स्थलको कार्य क्षेत्रभित्र वसोवास गरेको

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित नभएको

(ङ) मगज नविग्रेको

(च) अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको ५ बर्ष पुरा भएको,

(छ) बजारको कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको।

**. समितिको काम, कर्तव्य र अधिकार :**

(१) कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न कृषि बजारको स्थापनाको लागि भौतिक सुविधा लगायतको व्यवस्था गरी सो बजारलाई प्रतिस्पर्धात्मक रुपबाट संचालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ

(२) माथि उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ

(क) वजार व्यवस्थापनको सम्वन्धमा नीति निर्धारण गर्ने तथा सो को कार्यान्वयन गर्ने (ख) नियमित रुपमा वजार सूचना आदान प्रदान गर्न सहयोग पुर्‍याउने।

(ग) वजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने।

(घ) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा व्यक्ति विशेषको निमित्त वजार सुविधा उपलव्ध गराउने।

(ङ) वजारमा सुविधाहरु उपलव्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्वन्धित ब्यक्ति वा निकायवाट त्यस्तो सेवा शुल्क असूल गर्ने।

(च) वजार संचालन सम्वन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने।

(छ) वजार स्थललाई सफा सुग्घर राखी स्वस्थ वातावरण कायम गर्ने।

(ज) वजार स्थलको मर्मत संभार तथा संरक्षण गर्ने।

(झ) वजार संचालन व्यवस्था सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने।

**. समितिको वैठक र निर्णय:**

(क) समितिको वैठक अध्यक्षले तोकेको मिति र समयमा बजार स्थलमा वस्ने छ । समितिको वैठक महिनामा एकपटक अनिवार्यरुपमा वस्नु पर्नेछ।

(ख) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

(ग) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले आफू मध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(घ) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्ने छ ।

(ङ) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिने छ ।

(च) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

. **उप-समितिको गठन गर्न सक्ने :** समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन उप-समिति गठन गर्न सक्ने छ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

. **समितिको कोषः** समितिको एउटा छुट्टै कोष हुनेछ ।

(१) समितिको कोषमा देहायका रकमहरु रहनेछन् र समितिको सवै खर्च सो कोषवाट व्यहोरिने छः

(क) सेवा शुल्क वापत प्राप्त रकम

(ख) विभिन्न व्यक्ति वा संघसंस्थावाट प्राप्त रकम

(ग) अन्य कुनै स्रोतवाट प्राप्त रकम

(२) समितिलाई प्राप्त हुने सवै रकम प्राप्त हुना साथ नेपाल अधिराज्यको कुनै पनि वैंकमा खाता खोली जम्मा गर्नु पर्ने छ ।

(३) विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थावाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) समितिलाई नेपाल सरकार, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थावाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।

(५) समितिको कोषको संचालक समितिले तोके वमोजिम हुनेछ ।

**१०. कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्था :**

(१) कोषमा जम्मा भएको सेवा शुल्कवाट प्राप्त रकम मध्येवाट अधिकांश रकम वजार स्थल नियमित रुपमा संचालन गर्न ( कर्मचारी तलव, भत्ता, वैठक भत्ता, विजुली, पानी, टेलीफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा वजार स्थल निमार्ण, सुधार, मर्मत, संभार कार्यको लागि समितिले खर्च गर्न सक्ने छ। वजार स्थलको लागि स्थायी रुपमा जग्गा उपलब्ध गराउने संस्थालाई सम्झौता अनुसार तोकिएको रकम नियमित, वार्षिक वा एक मुष्ट रुपले जग्गा उपलब्ध गराए वापत दिनु पर्ने अवस्थामा पनि यसै रकम मध्येवाट समितिले दिन सक्ने छ ।

(२) वजार स्थलमा प्राप्त हुने आयवाट निम्न अनुसार वचत र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ । वजारले कूल आयको ९० तिशत रकम दैनिक वजार संचालन तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र १० प्रतिशत रकम थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा नेपाल सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने योजनको लागि वचाई राख्ने ।

. **लेखा र लेखा परीक्षणः**

) समितिको आय व्ययको लेखा संचालक समितिले तोकेको ढाँचामा राखिने छ ।

) समितिको लेखा परीक्षण रजिष्टर्ड लेखा परीक्षकवाट गरिने छ ।

) नेपाल सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न वा जंचाउन सक्नेछ ।

**२. वजार व्यवस्थापकको नियुक्तिः**

) दैनिक प्रशासकीय एवं वजार संचालन, सूचना र तोकिएका अन्य काम गर्न समितिले एक वजार व्यवस्थापक नियुक्त गर्ने छ ।

२) वजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके वमोजिम हुनेछ ।

**३. वजार व्यवस्थापकको काम कर्तव्य र अधिकारः** वजार व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) वजार व्यवस्थाको लागि आवश्यक वार्षिक तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(घ) वजार विकाससंग सम्वन्धित विभिन्न निकायहरुसंग समन्वय राखी कार्य गर्ने ।

(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

गाउँ कार्यपालिकाको कार्यालय

१४. **समितिको कर्मचारी:** समितिको कार्य संचालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आंशिक वा पूरा समयको लागि आवश्यक कर्मचारीहरु व्यवस्था गर्न सक्नेछ ।

१५. **समितिको कार्यालय:** समितिको कार्यालय संभव भए सम्म वजार स्थल क्षेत्र भित्र रहने छ ।

१६. **कारोवार गर्ने कृषि वस्तुमा थपघट :** तोकिएका वजार भित्र कारोवार गरीने कृषि वस्तुको कारोवारमा थपघट गर्नु परेमा स्थानीय तहको सिफारीसमा समितिले थपघट गर्न सक्ने छ ।

१७. **अधिकार प्रत्यायोजन :** समितिले आवश्यकतानुसार आफ्नो सवै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य-सचिव वा समितिको कुनै अन्य तोकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **प्रतिवेदन पेश गर्नु पर्ने :** समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफूले गरेको काम, वजारमा क्रयविक्रय भएका वस्तुको विद्यमान मूल्य, खरीद विक्री परिमाण विवरण, उठेका समस्या तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन कृषि तथा पशु विकास शाखामा पेश गर्नु पर्नेछ ।

१९. **बजारको स्वामित्व :** यो समिति गठन पश्चातको वजार स्थल भित्रका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व स्थानीय सरकारमा रहने छ । समितिले वजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा वढीको दायित्व लिने गरी कसैसित कुनै सम्झौता गर्ने वा अन्य व्यवहार गर्ने छैन ।

२०. **सम्झौता पत्रको व्यवस्था र मान्यता :** वजार संचालनको लागि समिति र स्थानीय तहको सम्वन्धित निकाय वीचमा सम्झौता अनुसूची १ अनुसार हुनेछ । उक्त सम्झौता पत्रमा सम्वन्धित पक्षको अधिकार र कर्तव्य उल्लेख हुनेछ ।

## परिच्छेद ३ बजार संचालन प्रक्रिया

२१. बजार संचालन गर्न सक्ने:

(१) यस निर्देशिका वमोजिम तोकिएको शर्त तथा मापदण्ड पुरा गरी कुनैपनि निजी क्षेत्र वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समूहले गाउँपालिका क्षेत्रभित्र हाट वजार संचालन गर्न सक्नेछ । तर निजी संस्थाले संचालन गर्ने हाट वजारको हकमा एक निजी संस्थाले गाउँपालिका क्षेत्रभित्र एक भन्दा वढी हाट वजार संचालन गर्न पाउने छैन

२२. **इजाजत पत्र दर्ता तथा नविकरण :**

(१) वजार संचालन गर्न ईच्छुक संस्थाले गाउँपालिका क्षेत्रभित्र हाट वजार संचालन गर्नको लागि कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति दिई दर्ता गरेर मात्र संचालन गर्नुपर्नेछ ।

(२) स्वीकृतिको लागि संचालकले अनुसूची ६ बमोजिमका कागजात सहित गाउँपालिकाको सम्वन्धित वडा मार्फत कृषि/पशु विकास शाखामा निवेदन र संचालन प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) प्रस्तावकले परिच्छेद ४ वमोजिम मापदण्ड तथा शर्तहरु पुरा गरेको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले हाट वजार संचालन स्वीकृति दिन सक्नेछ ।

(४) प्रत्येक वर्ष हाट वजार संचालक समितिले इजाजत पत्र नविकरण गर्नुपर्नेछ । नविकरण गदा समितिले अनुसूची ७ बमोजिमको ढाँचामा आवश्यक कागजातहरु सहितको निवेदन शाखामा पेश गरी गाउँपालिकाको आर्थिक ऐनमा तोकिए वमोजिमको शुल्क तथा कर बुझाउनु पर्नेछ ।

## परिच्छेद ४ बजार निर्माण मापदण्ड

२३. **संचालन स्थान र जग्गा :**

(१) वजार संचालन गर्न ईच्छुक संस्थाले न्यूनतम ५ रोपनी जग्गा उपलब्ध गराउनुपर्नेछ । तर गाउँपालिका तथा अन्य सरकारी गैर सरकारी संस्थावाट अनुदान प्राप्त गर्नको लागि न्यूनतम १० रोपनी जग्गा उपलब्ध गराउनु पर्नेछ । वजार संचालन गर्ने जग्गाको धनी पुर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्ष अवधिका लागि जग्गा भाडामा सम्बन्धी करारनामा पत्र उपलब्ध गराउनु पर्नेछ ।

(२) माथि २३(१)मा जे कुरा लेखिएको भएता पनि सार्वजनिक जमिन वा सामुहिक भोगचलन भएको जग्गामा पनि हाट वजार संञ्चालन गर्न सकिने छ ।

(३) एक हाटवजार देखि अर्को हाज वजार बीचको दुरी कम्तिमा १ कि.मि. हुनुपर्नेछ ।

(४) हाट बजार सकभर सडक नजिक अवस्थित हुनुपर्नेछ ।

**२४. भौतिक संरचना :**

(१) हाटबजार तोकिएको मापदण्डको अधिनमा रही निर्माण गर्नुपर्नेछ ।
हाट बजार परिसरमा तोकिए भन्दा विपरीत वा बढी संख्यामा संरचना निर्माण गर्न पाईनेछैन ।

(२) टहरा निर्माण गर्दा प्रकोप प्रतिरोधी बनाउनु पर्ने छ ।

(३) हाट बजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रवन्ध हुनुपर्नेछ ।

(४) हाट बजारमा हुने जनघनत्वको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्नेछ ।

(५) हाट बजारको प्रत्येक स्टल तथा संरचना र खुल्ला क्षेत्रमा विधुत तथा उज्यालोको लागि विजुली बत्तीको प्रबन्ध मिलाउनुपर्नेछ ।

(६) हाट बजारको संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा पानी नजम्ने र ढलको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

**२५. फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण :**

(१) हाट बजारको फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रणको समितिले गर्नुपर्नेछ ।

(२) हाट बजार संचालनका क्रममा निस्किने कुहिने र नकुहिने फोहोरको अलग अलग संकलनको लागि १० स्टल बराबर ४० लि. क्षमता भएको ढक्कन सहितको अलग अलग बिनको व्यवस्था गर्नुपर्नेछ ।

(३) हाट बजार क्षेत्रभित्र होहल्ला र प्रदुषण (ध्वनी, वायु, माटो, जल आदी) गराउन पाईने छैन साथै अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामग्रीहरु टासँ वा राख्न पाईने छैन ।

(४) हाट बजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नुपर्नेछ ।

**२६. वस्तु तथा सामग्रीहरुको व्यवस्थापन :**

(१) हाट बजारमा विक्री वितरण गर्ने कृषि तथा पशुजन्य उपजहरु, लत्ताकपडा, भाँडाकुँडा, ठेला प्रयोग गरी राखिने वस्तुहरु (फलफुल, खाजा, पक्वान आदी) छुट्टाछुट्टै वा एकै प्रकारको व्यवसायलाई एकैलहरमा व्यवस्थापन गर्नुपर्नेछ । ठेला प्रयोग गरि राखिने वस्तुहरुको लागि समेत अनिवार्य रुपमा स्टल प्रयोग गर्नुपर्नेछ ।

(२) माछा मासु विक्री वितरणको लागि बजारको पछाडिको निर्धारित कुनाका स्टलहरु प्रयोग गर्नुपर्नेछ । यस प्रकारको उपज विक्रीका लागि पक्कि भुइ ढलान गरिएको, सफा गर्न पानीको प्रवन्ध सहित निकासको व्यवस्था भएको हुनुपर्नेछ ।

(३) विक्री वितरणको लागि राखिने कृषि वीउविजन विरुवाको हकमा नेपाल सरकारले पञ्जीकृत गरेको हुनुपर्नेछ । स्पष्टीकरण : माछा मासु लगायत पकाएका सामग्रीहरु बजारमा राख्न निरुत्साहित गरिनेछ । बजार क्षेत्र भित्र मदिरा, सुर्तिजन्य पदार्थ अखाध वस्तुको प्रयोग, विषादी, विक्री वितरण तथा सेवनमा पूर्णरुपमा निषेध गर्नुपर्नेछ ।

**२७. विक्री वस्तु तथा सामग्रीको अनुपात :**

(१) हाट वजारको स्टल अनुपात कृषिजन्य र स्थानिय उत्पादन ८० प्रतिशत तथा अन्य तयारी सामग्रीको अनुपात २० प्रतिशतको हुनुपर्नेछ ।

(२) उत्पादकद्वारा नै विक्री गर्ने कृषि उपज लगायतका अन्य सामग्रीलाई विशेष प्राथमिकता दिनुपर्नेछ । कुल स्टल संख्याको कम्तिमा १० प्रतिशत स्टल यस्ता उत्पादकहरुका लागि आरक्षित गर्नुपर्नेछ ।

(३) हाट वजारमा असल अभ्यास वा आई.पि.एम. वा प्रांगारिक कृषि उपजको लागि अनिवार्य रुपमा न्यूनतम ३ वटा स्टल निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

**२८. समितिको कार्यालय व्यवस्थापन तथा सूचना प्रवाह :**

(१) हाटबजार प्रवेशको स्थानमा हाट बजारको नाम तथा परिचय खुल्ने बोर्डको व्यवस्थाको साथै प्रत्येक टहरा, भवन तथा स्टलको संरचनामा नाम वा स्टल नम्वर प्रष्ट देखिने गरि राख्नुपर्नेछ ।

(२) हाटवजार स्थलमा समितिको कार्यालय कक्ष र हाट बजार संचालन सम्वन्धी सूचना प्रवाह गर्न सूचना पाटीको व्यवस्था गर्नुपर्नेछ

(३) हाट बजार संचालन हुने प्रत्येक दिन हाट बजारमा विक्रीमा राखिने प्रत्येक कृषिजन्य उत्पादनको अधिकतम र न्यूनतम मूल्य खुलाई मूल्य सूची सूचना पाटीमा राख्नुपर्नेछ ।

## परिच्छेद ५ कर तथा शूल्क सम्बन्धी व्यवस्था

**१९. इजाजतपत्र दर्ता तथा नविकरण शुल्क:**

(१) बजार संचालन इजाजत पत्र दर्ता गर्दा रु २,०००/- (दुई हजार) मात्र र नविकरण शुल्क ५००/- (पाँच सय) मात्र लाग्नेछ हरेक १ बर्षमा नविकरण गर्नुपर्नेछ। म्याद समाप्त भएको मितिले ३० दिन भित्र नविकरण गरेमा रु. ५००/- नविकरण शुल्क लाग्नेछ म्याद समाप्त भएको मितिले ३० दिन पछि १ बर्ष भित्र नविकरण गरेमा नविकरण शुल्क बापत रु. ५००/- (पाच सय) र जरिवाना बापत रु. १०००/- (एक हजार) लाग्नेछ। म्याद समाप्त भएको १ बर्ष पछि प्रति बर्ष रु. १०००/- जरिवाना लाग्नेछ।

**२०. बहाल विटौरी शुल्क :**

(१) निजी जग्गा भाडामा लिई संचालन गर्नेको हकमा बहाल कर तथा सार्वजनिक वा ऐलानी जग्गाको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम बहाल विटौरी कर समितिले मासिक रुपमा गाउँपालिकामा दाखिला गर्नुपर्नेछ।

**२१. स्टल बहाल प्रक्रिया :**

(१) बहाल शुल्क कायम गर्दा समितिले स्टल रहने स्थान, विक्री गर्ने वस्तु तथा सामग्री, विक्रीकर्ता (उत्पादक स्वयं वा व्यापारी) आदिको आधारमा भाडादर निर्धारण गर्नसक्नेछ। यसरी स्टल भाडामा लगाउदा समितिले प्रत्येक विक्रीकर्तासँग अलग अलग सम्झौता गर्नुपर्नेछ। स्पष्टिकरण : बहाल शुल्क दर निर्धारण गर्दा कृषि उपज तथा स्थानिय उत्पादनलाई प्रोत्साहन गर्ने गरि मुल्य निर्धारण गर्नुपर्नेछ।

**२२. बहाल कर :**

(१) सम्झौता बमोजिम कायम गरिएको बहाल शुल्कमा तोकिएको बहाल कर मासिक रुपमा समितिले गाउँपालिकामा दाखिला गर्नुपर्नेछ

## परिच्छेद ६ विविध

**२३. बजार अनुगमन :**

(१) गाउँपालिकामा हाटबजार अनुगमन तथा नियमनको कार्य गाउँपालिकाको आर्थिक विकास समिति, सम्बन्धित वडा कार्यालयको वडा अध्यक्ष, राजश्व शाखाको प्रमुख र अनुगमन कार्य सहजताको लागि आवश्यकता अनुसार स्थानीय तहको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आमन्त्रण गर्नसक्नेछ।

**२४. हाल संचालनमा रहेका हाट बजार सम्बन्धमा :**

(१) अनुमति प्रक्रिया बाहिर रहेका र हाल संचालनमा आइरहेका सबै हाट बजारहरुले निर्देशिका लागु भएको ३ महिनाभित्र मापदण्ड पुरा गरी अनुमती लिई सक्नुपर्नेछ। तीन महिनाको समय अपुग भई समितिबाट अनुरोध भई आएमा स्थानिय तहले एक पटक मात्रको लागि बढीमा १ महिनाको अवधि थप गर्न सक्नेछ।

(२) सो अवधिभित्र तोकिएको मापदण्ड पुरा गरी अनुमती प्रक्रियामा नआएका हाटबजार संचालन गर्न गाउँपालिकाले रोक लगाउनेछ

**२५. बजार खारेजी :** हाट बजार संचालक समितिको नाममा रहेको सम्पत्ति र दायित्व फरफराक गरी हाट बजार संचालन खारेजी गर्न सक्नेछ।

**२६. बाधा अड्काउ फुकाउ :** यस निर्देशिका कार्यन्वयनमा कुनै बाधा अड्काउ आएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ

**२७. अन्य :** यस कार्यबिधिमा जे कुरा उल्लेख गरिएको भएता पनि हाट बजार संञ्चालन गर्दा कृषक समुह, सहकारी वा अन्य संघ संस्था द्वारा पनि संञ्चालन गर्न सकिने छ। स्टल व्यबस्थापन वा हाट बजार स्थल व्यबस्थापन कृषक समुह, सहकारी संस्था वा अन्य संघ संस्थाको आर्थिक स्रोतका आधारमा कृषक समुह, सहरकारी संस्था वा अन्य संघ संस्थाले व्यबस्थापन गरे बमोजिम हुनेछ। हाल लाई आर्थिक स्रोत कम भएको अबस्थामा स्टिलहरु निर्माण नगरी खुला रुपमा पनि हाट बजार संञ्चालन गर्न सकिने छ।

अनुसूची

हाट बजार स्थल......................को व्यवस्थापन तथा संचालनको लागि

श्री..........................हाट वजार व्यस्थापन समिति र छबिसपाथिभेरा गाउँपालिका बीच भएको

"संझौता-पत्र"

प्रस्तावना :

खुल्ला तथा बजार मुखी अर्थतन्त्र र मूलुकमा कृषि पेशाको संलग्नता वाट हुने आय वढाउन तथा व्यापार क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपूर्ति व्यवस्था मिलाउन केही वर्ष यता देखि मूलुकका विभिन्न महत्वपूर्ण क्षेत्रमा तरकारी, फलफूल, तेलहन, दलहन, मसला वाली, माछा, मासु, जस्ता वस्तुको वजार संरचनामा सुधार गर्ने प्रयास भएको छ। यस्ता वजार संचालन तथा व्यवस्थापन स्थानीय निकाय र जनताको सहभागितावाट मात्र गर्न सकेमा खुल्ला तथा वजारमुखी विकेन्द्रित अर्थतन्त्रको विकास हुन सम्भव हुन्छ। यस प्रकृयामा स्थानीय निकायको अहं भूमिका रहन्छ। यसलाई मद्दत पुऱ्याउन छबिसपाथिभेरा गाउँपालिका तथा यसै साथ संलग्न "हाट वजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९" वमोजिम गठित श्री ........................ हाट वजार संचालक समिति वीच यो सभौता-पत्र गरिएको छ। यो सभौता-पत्रमा उल्लेखित तपसीलका सवै वुँदाहरु तथा शर्तहरु हामी दुवै पक्षलाई मान्य हुनेछ र सोही अनुसार पालना गरिने छ।

"हाट बजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९" अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुनेछ।

समितिको गठन तथा कार्यान्वयन :

(१) निर्देशिका वमोजिम मिति .................... गते गठित तपसील अनुसारको श्री......................................हाट बजार संचालन समितिको सदस्यहरुमा निर्देशिकाको परिधि भित्र रही थप, घट, अदल वदल भएको खण्डमा समेत समिति कार्यान्वयन भएको मानिनेछ।

संचालक समितिको अध्यक्ष तथा सदस्यहरुको नामावली

| सि.नं | नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| | कुल जम्मा | ९ जना | |

भौतिक संरचना : समितिले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा समितिले अग्रिम रुपमा सोको स्वीकृती गाउँपालिकावाट लिनु पर्नेछ।

समितिको कार्य तथा जिम्मेवारी हस्तान्तरण : समितिको तोकिएको अवधि समाप्त भईसकेपछि निर्देशिका वमोजिम नवगठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्पूर्ण कोषको रकम, भौतिक सम्पति, सामाग्री, कागजात तथा कार्य जिम्मेवारी १५ दिन भित्र हस्तान्तरण गर्नु पर्नेछ र सो को जानकारी गाउँपालिकालाई दिनु पर्नेछ।

सम्झौता भंग गरी उपयोग गर्ने गाउँपालिकाको विशेष अधिकार : यो सम्झौतामा अन्यत्र जे सुकै लेखिएको भएता पनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पत्तिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा वजारको संचालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा कृषि बजारको व्यवस्था र सचालनको छुट्टै व्यवस्था

गर्ने निर्णय गरेमा गाउँपालिकाले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिइ छुट्टै तरिकाको प्रयोगको व्यवस्था मिलाउन सक्ने छ ।

समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना अनुसुची २ मा, समितिले प्रयोग गर्ने प्याड्को नमूना अनुसूची ३ मा, समितिले प्रयोग गर्ने साइनबोर्डको नमूना अनुसूची ४ मा र समितिलाई हस्तान्तरण गरिएको भौतिक सम्पत्ति/सामाग्रीहरुको विवरण अनुसूची ५ बमोजिम हुनेछ ।

हस्ताक्षर कर्ता :

स्ताक्षर :- ........................ हस्ताक्षर :- ........................ नाम :- ........................ नाम :- ........................ हाट बजार संचालक समिति को तर्फबाट गाउँपालिकाको तर्फबाट (........)
समितिको अध्यक्ष)

बजार संञ्चालक समितिको तर्फबाट साक्षी :

नामथर:
पद :
ठेगाना :
मिति :

छबिसपाथिभेरा तर्फबाट साक्षी :

नामथर:
पद :
ठेगाना :
मिति :

अनुसूची - २

समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना

अनुसूची - ३

**समितिले प्रयोग गर्ने प्याडको नमूना हाट बजार संचालक समिति**

................................ नेपाल

Haat Market Management Committee (HMMC) .. Nepal

(... गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत)

फोन नं. :

फ्याक्स नं. : ईमेल:

प. सं. : मिति :

Ref : Date :

विषय ( Sub ):

अनुसूची ४

**समितिले प्रयोग गर्ने साईन वोर्डको नमूना**

**हाट बजार स्थल**

................

( Haat Market,......................... )

श्री........................हाट बजार संचालक समितिद्वारा संचालित

(छथिसपर्थिभेरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत)

अनुसूची ५

भौतिक सम्पत्ति/सामग्री

श्री ..........................................हाट बजार सञ्चालक समितिले प्रयोग गर्ने

## भौतिक सम्पत्ति/सामाग्रीहरुको विवरण

| क्र.सं | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची -६

## इजाजत दर्ता प्रमाणपत्रको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा

मिति:......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विसपाथिभेरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मांसी बभाङ्ग

विषय: हाट बजार संचालन इजाजत पत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा .................गाउँपालिका वडा नं. ................मा श्री.............................हाट बजार संचालक समितिद्वारा हाटबजार संचालन गर्नको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजत पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु/गर्दछौं । **संलग्न कागजातहरु**

- संचालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु
  - (क) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
  - (ख) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
  - (ग) संस्थाको विधान वा संस्था संचालन कार्यविधिको प्रतिलिपि
  - (घ) सस्थाको निर्णयको प्रतिलिपि
  - (ङ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि
  - (च) कर चुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई संचालन गर्ने भएको करार सम्झौताको प्रतिलिपि
- साँधियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का
- टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र
- पुर्वाधारको स्वीकृत डिजाईन

निवेदक नाम, थर :
हस्ताक्षर :
पद :
ठेगाना :
सर्म्पक नं.:
संस्थाको छाप :

छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

अनुसूची - ७

**इजाजत पत्र नविकरणको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा**

मिति:......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छबिसपाथिभेरा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
ब्याँसी,बझाङ ।

**विषयः** इजाजत दर्ता प्रमाणपत्र नविकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा ..........गाउँपालिका...........मा मिति ...............गते यस श्री................हाट बजार संचालक समिति दर्ता भई संचालन हाट बजार संचालन गर्दै आएको हुदा हाट बजार संचालन निरन्तरताको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजत दर्ता प्रमाणपत्र नविकरण गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौ ।


**संलग्न कागजातहरु**

१. संचालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु
   (क) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
   (ख) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
   (ग) संस्थाको विधान वा संस्था संचालन कार्यविधिको प्रतिलिपि
   (घ) संस्थाको निर्णयको प्रतिलिपि
   (ङ) स्थायि लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि
   (च) करचुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि
२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई संचालन गर्ने भएको करार सम्झौताको प्रतिलिपि
३. साँधियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का
४. टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र
५. पुर्वाधारको स्वीकृत डिजाईन

निवेदक नाम, थर :
हस्ताक्षर :
पद :
ठेगाना :
सर्म्पक नं.:
संस्थाको छाप :

अनुसूची-६

## हाट वजारको भौतिक संरचना एवं विन्यास (Layout) को नमूना



## अनुसूची ९

**हाट बजार संचालन इजाजत प्रमाणपत्रको ढाँचा (अगाडी)**

**...... गाउँपालिका , गाउँकार्यपालिकाको कार्यालय**

**कृषि बिकास शाखा ..........,..........**

| | |
|---|---|
| ...क दर्ता नं. | |
| ...र्ता मिति | |
| ...र्ता संस्था | |

बजार दर्ता नं. : जारीमिति :

श्री.............................................

.............................................

**विषयः हाट बजार संचालन इजाजत पत्र प्रदान गरिएको ।**

तपाई श्री..........................................हाट बजार संचालक समितिले ......गाउँपालिका वडा नं. .......................मा संचालन हुने .................हाटबजार संचालन गर्न इजाजत पत्र दर्ता/नविकरणको ...ागि मिति...................मा यस कार्यालयमा दिनु भएको निवेदन अनुसार गाउँपालिकाको हाट बजार संचालन तथा व्यवस्थापन ...र्देशिका, २०७९ बमोजिम यस कार्यालयमा अभिलेख राखी यो इजाजत पत्र प्रदान गरिएको छ। आफ्नो कारोवारको मासिक प्रगति ...स्थिति यस कार्यालयमा पेश गर्नुहुन र प्रत्येक १ बर्षमा अनिवार्य नविकरण गराउनु हुन समेत अनुरोध गरिन्छ।

............................ ............................

शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

...ंचालक समितिको नाम :
...ठेगाना :
...ध्यक्ष वा प्रोपाईटर : नागरिकता नं. :
ठेगाना :
...ोन नं. :

| |
|---|
| सञ्चालक समितिको छाप |

अनुसूची १०

हाट बजार संचालन इजाजत प्रमाणपत्रको ढांचा (पछाडी) नविकरण सम्बन्धी विवरण

बजारको नाम .................................. ठेगाना ...............

चालक समितिको नाम ........................................

| विकरण मिति | म्याद पुग्ने मिति | नविकरण शुल्क | रसिद नं. | नवीकरण गर्नेको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ाणीकरण मितिः २०७९/०९/२६

आज्ञाले

गगन बहादुर ऐडी

नि.प्रमुख प्रशासकीय अधिकृत